# तिरतिरे महिला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं १०, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८१।१२।०३

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१।१२।०३)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्य योजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा रुखहरु तथा पुनरुत्पादन कटान तर्फका रुखहरु कटान गर्दा उत्पादन गरी उपभोक्ता भित्र बिक्री नभई घाटगद्दीमा राखिएका विभिन्न जातको गोलिया थान ४२१ को २९७६.३६ क्यू.फिट गोलिया काठ र दाउरा ६.२५ चट्टालाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्ने ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन सार्वजनिक विदा भएकोले मिति २०८१।१२।२४ गतेको दिन कार्यालय समयभित्र बोलपत्र खरीद गरी मिति २०८१।१२।२५ गतेको दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. २४८८ मिति २०८१।११।२६ गतेको क्वाटरगर्थ फर्मुला बमोजिम लिलाम सहमति बमोजिमको प्रथम पटक सूचना प्रकाशित

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | आ.व. ०८०/०८१ मा ढलापडा तथा पुनरुत्पादन कटान गरेको काठ, दाउरा | साल | A | ३८ | ५८६.७२ | १२५० | ७३३३९८ | ५३५,७४५ | |
| | | साल | B | ७८ | ८०८.८० | ९०० | ७२७९१९ | | |
| | | साल | C | २१४ | १११६.१३ | ६०० | ६६९६७७ | | |
| | | साल | D | २० | ४५.७४ | ३०० | १३७२३ | | |
| | | असना | A | ६ | ८५.२३ | ४०० | ३४०९१ | | |
| | | असना | B | ११ | ९३.५७ | ३०० | २८०७२ | | |
| | | असना | C | ४७ | २०८.०२ | १०० | २०८०२ | | |
| | | जामुन | B | १ | ६.१० | ३०० | १८२९ | | |
| | | जामुन | C | ६ | २६.०६ | १०० | २६०६ | | |
| | | साल दाउरा | | | ४.७५ | १२००० | ५७००० | १०६,२५० | |
| | | अन्य दाउरा | | | १.५० | ४००० | ६००० | | |
| जम्मा | | | | | | | २२९५११६ | ६४१,९९५ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/१२/२४ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/१२/२५ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु. २०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

# तिरतिरे महिला सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. १०, अर्घाखाँची

४. शिलवन्दी वोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा. वा. वैंक लि., ठाडा शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३३८०००००२५०१ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको वैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम विक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्न व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अद्यावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१।१२।२७ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा वोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको वोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खामामा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी तिरतिरे महिला सा.व.उ.स.को काठ दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८१ साल चैत्र महिना ०३ गते रोज ०१ मा शुभम् ...............................।